मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागदुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क १३५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ जेठ १७ गते आइतबार ❑ 31 May 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## पोखरामा पर्यटकको चहलपहल बढ्यो

**पोखरापत्र संवाददाता**
पोखरा, १६ जेठ

लगातार चार दिनको सार्वजनिक बिदाले पर्यटकीय राजधानी पोखरामा पर्यटकको चहलपहल उल्लेख्य रूपमा बढेको छ।

विहिबार बकर ईद, शुक्रबार गणतन्त्र दिवस तथा शनिबार-आइतबारको सार्वजनिक बिदाका कारण विगत तीन दिनदेखि पोखराका पर्यटकीय स्तरका होटलहरू भरिभराउ भएको व्यवसायीहरुले बताउनु भयो।

पोखरामा हाल होटल अकुपेन्सि करिब ९० प्रतिशत पुगेको होटल संघ पोखरा नेपालका अध्यक्ष लक्ष्मण सुवेदीले बताउनु भयो। जेठ १४ गते बकर ईदको सार्वजनिक बिदा, जेठ १५ गते गणतन्त्र दिवस तथा त्यसलगत्तै शनिबार र आइतबार गरी लगातार चार दिनको बिदाले पोखरामा आन्तरिक पर्यटकको आगमन उल्लेख्य रूपमा बढेको उहाँले जनाउनु भयो । अध्यक्ष सुवेदीका अनुसार हाल पोखरामा करिब ४५ प्रतिशत आन्तरिक, ३५ प्रतिशत भारतीय तथा २० प्रतिशत तेस्रो मुलुकका पर्यटक रहेका छन् ।

"लगातारको बिदाले घुमघामका लागि पोखरा रोज्नेको संख्या बढेको छ । विशेषगरी लेकसाइड क्षेत्रका अधिकांश होटलहरू लगभग भरिएका छन्," अध्यक्ष सुवेदीले भन्नुभयो। होटल संघ पोखरा नेपालमा आबद्ध करिब ४ सय होटल रहेका छन्। पोखरा क्षेत्रमा करिब ४० हजार शय्या क्षमता रहेको र पूर्ण अकुपेन्सि हुँदा एकै रातमा ४० देखि ५० हजार पर्यटकलाई व्यवस्थापन गर्न सकिने संघको दाबी छ । लेकसाइड केन्द्रित होटलहरू मात्र नभई पोखरा आसपासका विभिन्न डाँडाकाँडा क्षेत्रमा सञ्चालनमा रहेका होटल तथा होमस्टेहरूमा समेत पर्यटकको उल्लेख्य चहलपहल देखिएको छ। सराङकोट, धम्पुस, अस्ती, पुम्दीकोट, कास्कीकोट लगायतका पर्यटकीय गन्तव्यमा आन्तरिक पर्यटकको भीड बढेको व्यवसायीहरूले बताएका छन् । सरकारले आइतबार पनि सार्वजनिक बिदा दिन सुरु गरेसँगै शनिबार र आइतबार लगातार दुई दिनको बिदाले पर्यटन व्यवसायीहरू थप उत्साहित बनेका छन्। बिदाको अवसर पारेर परिवार, साथीभाइ तथा विभिन्न संघसंस्थाका समूहहरू घुमघामका लागि पोखरा आउने क्रम बढेको छ । पोखरा बैदामस्थित होटल व्यवसायी शिवराज पहारीका अनुसार पछिल्ला तीन-चार दिनयता पोखरामा होटलका कोठा पाउन नै मुस्किल हुने अवस्था सिर्जना भएको छ । "लगातारको सार्वजनिक बिदाले सरकारी कर्मचारी, विभिन्न संघसंस्थाका पदाधिकारी तथा परिवारसहित घुम्न निस्कनेहरूको संख्या बढेको छ । त्यसैले पोखरामा शनिबार र आइतबार अझ बढी चहलपहल देखिएको छ," उहाँले भन्नुभयो । पर्यटन व्यवसायीहरूका अनुसार लगातारको बिदाले पोखराको पर्यटन क्षेत्रलाई चलायमान बनाउनुका साथै होटल, रेष्टुरेन्ट, यातायात, मनोरञ्जन तथा अन्य पर्यटनसँग सम्बन्धित व्यवसायमा समेत सकारात्मक प्रभाव परेको छ। नेपाल पर्यटन वोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछानेले सरकारी दुई दिन विदाका कारण पोखरा सहित देशका पर्यटकीय गन्तव्यम पर्यटकहरुको चहल पहल बढ्न थालेको बताउनु भयो । माग र आपुर्तिको सिद्धान्त अनुसार विकेण्डमा भन्दा अन्य दिनमा होटल आवासमा केही सहुलियत गराउन सके सार्वजनिक बिधामा धेरै पर्यटकहरु एकै पटक घुमघाममा निस्कने क्रम केही घट्ने र अन्य दिनमा पनि पर्यटक चहल पहल कायम हुने उहाँको भनाई छ । सरकारले पेट्रोलिय पदार्थ कम खपत गर्ने उद्धेश्यले आइतबार सार्वजनिक बिदा दिए पनि पेट्रोलिय पदार्थको मुल्यमा भारी बृद्धि भए पनि घुमघाम गर्नेहरुको सङ्ख्यामा खासै कमी नआएको लामिछानेले जनाउनु भयो । पहिला देश त्यस पछि परदेश भन्ने नाराका साथ कोभिड पछि सुरु भएको अभियान हाल देशमा लागु भएको प्रमुख लामिछानेले बताउनु भयो । देशमा हाल घुमघाममा निस्कने प्रचलन बढेको उहाँले जनाउनु भयो।

## मुक्तिनाथमा दर्शनार्थी खचाखच

**पोखरापत्र संवाददाता**
मुस्ताङ, १६ जेठ



हिन्दू तथा बौद्धधर्मालम्बीहरूको साँझा धार्मिक तीर्थस्थल मुक्तिनाथ मन्दिरमा दर्शनार्थीको भीड बढेको छ । लगातार चारदिने बिदाको मौका पारेर यहाँ दर्शनार्थी खचाखच छन् । दर्शनार्थीको बाँक्लो उपस्थितले व्यवस्थापनमा समेत हम्मेहम्मे परेको मुक्तिनाथ विकास समितिले जनाएको छ।

समितिका व्यवस्थापक दिनेश भुसालका अनुसार बिहीबारदेखि शनिबार बिहानसम्म आन्तरिक तथा भारतीय दर्शनार्थीको बाक्लो उपस्थितिले व्यवस्थापनमा दबाब बढेको बताउनुभयो । उहाँका अनुसार दसैं-तिहार र चैतै दसैंबाहेक यहाँ औसतमा पाँचदेखि सात हजारसम्म धार्मिक पर्यटकले दर्शन गर्ने गरे पनि सरकारी तथा सार्वजनिक बिदा परेका कारण पछिल्लो तीन दिनयता २० हजारदेखि २५ हजारले मन्दिर दर्शन गर्ने गरेका छन् ।

"शुक्रबारदेखि मुक्तिनाथमा ठूलो सङ्ख्यामा धार्मिक पर्यटक आइरहेका छन्। भक्तजनले परिसर खचाखच भरिएर थेग्नै नसक्ने अवस्था भएकाले व्यवस्थापनका लागि सुरक्षाकर्मीको सहयोगलिनुपरेकोछ",व्यवस्थापक भुसालले भन्नुभयो,"हाल नेपाल प्रहरी र सशस्त्र प्रहरी परिचालन गर्नुपरेको व्यवस्थापन गर्न थालिएको छ। धार्मिक पर्यटकहरू एकैसाथ ठूलो सङ्ख्यामा आएकाले पर्यटन प्रवर्द्धनमा टेवा पुगेको छ।"

भिरालो सतहमा अवस्थित मुक्तिनाथ मन्दिरको परिसर साँघुरो भएकाले पनि व्यवस्थापनमा असहज देखिएको हो। पछिल्लो समय मुक्तिनाथ मन्दिर परिसर केही फराकिलो पारिए पनि धार्मिक पर्यटकको सङ्ख्या अपेक्षाकृत वृद्धि हुँदा मन्दिर परिसरको क्षमता कम हुँदै गएको हो । समितिले दर्शन कार्यमा सहजीकरण गराउन लाइन मिलाउने, तातोपानीको व्यवस्था र लेक लाग्नबाट जोगाउन उपचारलगायतको व्यवस्था मिलाएको जनाएको छ।

जिल्ला प्रहरी कार्यालयले पछिल्लो तीन दिनयता २५ हजार बढी पर्यटक भित्रिएको जनाएको छ । राष्ट्रिय गौरवको बेनी-जोमसोम सडकमार्ग हुँदै बुधबार पाँच हजार ५८६, बिहीबार सात हजार ८२७ र शनिबार नौ हजार ८६ जना पर्यटक घाँसाबाट मुस्ताङ प्रवेश गरेको प्रहरी निरीक्षक सन्तोष बस्यालले जानकारी दिनुभयो । प्रहरीचौकी घाँसामा सवारीसाधन र पर्यटकको अभिलेख प्रविष्ट गर्ने गरिएको छ। पछिल्लो सयम सरकारले हप्तामा आइतबारसमेत सार्वजनिक बिदा थप गराएका कारण मुस्ताङमा पर्यटकको उपस्थिति बढ्न थालेको हो । यसपटक बिहीबारदेखि लगातार बिदा परेकाले पनि मुक्तिनाथदर्शन गर्न आउने पर्यटकको सङ्ख्या बढेको हो। पर्यटकले जिल्लाको लेतेदेखि माथि मुक्तिनाथसम्मका होटलहरू पर्यटकले भरिभराउ छन् । यहाँ होटलमा एक दिनमा

बाँकी अन्तिम पृष्ठमा ▶▶

## रास्वपा पोखरा महानगरको सभापतिमा योगेन्द्रबहादुर केसी चयन

**पोखरापत्र संवाददाता**
पोखरा, १६ जेठ

राष्ट्रियस्वतन्त्रपार्टी (रास्वपा) पोखरा महानगरपालिकाको प्रथम अधिवेशनबाट योगेन्द्रबहादुर केसी सर्वसम्वत रुपमा सभापतिमा चयन हुनु भएको छ।

पोखरामा शनिबार सम्पन्न प्रथम अधिवेशनले यातायात व्यवसायी केसी रास्वपा पोखरा महानगरपालिकाको



५ वर्षीय कार्यकालको लागि सभापतिमा चयन हुनु भएको हो। अधिवेशन मार्फत उपसभापति, सचिव, सहसचिव लगायतका पदाधिकारीसहित २५ सदस्यीय नयाँ कार्यसमिति पनि चयन भएको रास्वपाले जनाएको छ। त्यसै गरी उपसभापतिमा संगिता गौतम, सचिवमा कमल वाँनिया, सहसचिवमा सरिता शर्मा चयन हुनु भएको हो।

अधिवेशनको उद्घाटन रास्वपा नेता तथा पर्यटन मन्त्री गनेश पौडेलले गर्दै पार्टीले जनताको हकहितमा काम गर्ने विश्वास व्यक्त गरे। साथै सांसद उत्तम पौडेलले सुकुम्बासी बस्ती व्यवस्थापन र त्यसको दीगो सञ्चालनमा जोड दिए । नयाँ कार्यसमितिले आगामी पाँच वर्षमा पोखरामा पार्टीको कार्यक्रमलाई व्यवस्थित रूपमा अघि बढाउने र स्थानीय जनताको भलोका लागि पहल गर्ने बताएको रास्वपाले जनाएको छ।

## पोखरा ३२ मा बन्यो सुकुम्वासी व्यवस्थापन सहजिकरण समिति

**पोखरापत्र संवाददाता**
पोखरा, १६ जेठ

पोखरा महानगरपालिका ३२ मा सुकुम्वासी तथा अव्यबस्थित बसोबासीहरुको समस्या समाधानका लागि वडास्तरिय सहजीकरण समिति र संघर्ष समिति समेत र्निमाण गरिएको छ।

वडा नं ३२ का अध्यक्ष अक्कल बहादुर कार्कीको उपस्थितीमा खुदीखोलामा रहेका सुकुम्वासीहरु संगको अर्न्तकृया पश्चात समिति समेत घोषणा गरिएको हो। कार्यक्रममा वडाअध्यक्ष अक्कल बहादुर कार्कीले कोही कसैले पनि बिना कारण र बिना बिकल्प बसिरहेको ठाउ छोडन नपर्ने स्पष्ट पार्नुभएको छ। कार्यक्रममा उहाँले हचुवाको भरमा डोजर लिएर बस्ती बस्ती चाहर्ने गरि स्थानिय सरकार नलाग्ने र ढुक्क भएर आफ्नो दैनिकी गरिराख्न पनि आग्रह गर्नुभयो । भुमिहिन





दलित, भुमिहिन सुकुम्वासी तथा अब्यबस्थित बसोबासी सरोकार सहजीकरण समिती कास्कीले आयोजना गरेको कार्यक्रममा सहभागिहरुले सरकारको आगामी नितिका बारेमा प्रश्न गरेका थिए। दैनिक जसो सुनिने डोजर आतंकले मजदुरी गर्ने काम समेत गर्न मन नलागेको, रातमा निद्रा नलागेको बताएका थिए। सरकारले नागरीक त्रसित बनाउने कार्य गरेको भन्दै सहभागि सुकुम्वासीहरुले घष्टीमा भोट हालेर ठुलो भुल गरेको बताएका थिए।

कार्यक्रममा अखिल नेपाल सुकुम्वासी संघका केन्द्रयि सचिव ओम बहादुर पौडेलले भुमिहिनहरु शहरका मौरीहरु हुन। मौरी भएन भने घारको पनि अर्थ हुदैन, तसर्थ शहर बनाउने रहर हुनेहरुले सुकुम्वासीका पुराना र थोत्रा लुगा मात्र नहेर्न आग्रह गर्नुभयो । यि थोत्रा अनुहारको मजदुरीका कारण शहरका मानिस सुकीला र शहर र्निमाण भएको नबिर्सन धनाढ्यहरुलाई उहाँले आग्रह गर्नुभयो । हाम्रा बस्तीमा डोजर चले हामी संग पनि डोजर र मजदुर रहेको भन्दै जस्तालाई तस्तै गर्ने र अर्को जेन्जी आन्दोलन र्सिजना गर्ने उहाँको भनाई थियो । कार्यक्रममा संघर्ष समिति कास्कीका अध्यक्ष प्रेम बहादुर गुरुङ्गले यो सुरकारले सुरुमै सुकुम्वासीलाई दश्मन देख्नु गलत भएको बताउनु भयो।

सुकुम्वासी र भुमिहिनहरुले शहर बिगारेको होईन भन्दै उहाँले शहर र्निमाणमा सुकुम्वासी तथा मजदुरहरुको भुमिका रहेको उहाँको भनाई थियो। संघर्ष समितिका सह संयोजक रमेश बयलकोटी, सहजिकरण समिती कास्कीको संयोजक अर्जुन मल्ल, सल्लाहकार राम बहादुर लामीछाने लगायतले आफ्नो धारण राखेका थिए। कार्यक्रममा नेपाली काग्रेसका ३२ नम्वर वडा सभापति कुल प्रसाद अधिकारी, नेपाली कम्युनिष्ट पार्टीका वडा अध्यक्ष टेक

बाँकी अन्तिम पृष्ठमा ▶▶

# सत्य युवा समितिले विपन्न घरमा ल्यायो सुरक्षित आवास

**पोखरापत्र संवाददाता**
पोखरा, १६ जेठ




समाजसेवा र मानवीय उत्तरदायित्वलाई व्यवहारमै उतार्दै आएको सक्रिय, संवेदनशील तथा उदाहरणीय संस्था सत्य युवा सेवा समितिले यस वर्ष पनि प्रेरणादायी कार्यमार्फत समुदायमा नयाँ आशा र अटुट भरोसा जगाएको छ।

हरेक वर्ष आयोजना गरिने बहुप्रतीक्षित 'कालरात्री' कार्यक्रमको भव्य, सफल र उत्साहजनक सम्पन्नतापछि समितिले आफ्नो सेवा दायरा शिक्षा र स्वास्थ्यमा मात्र सीमित नराखी विपन्न तथा असहाय नागरिकका आधारभूत समस्यातर्फ गहिरो ध्यान केन्द्रित गरेको छ।

पोखरा महानगरपालिका-१३, रमणीय तर चुनौतीपूर्ण पोखरी गाउँमा बसोबास गर्दै आएकी असहाय वृद्धा लाटी महिला वर्षात्को समयमा घरभित्रै पानी पस्ने पीडादायी समस्याबाट वर्षौंदेखि गुज्रिरहेकी थिइन्। जीर्ण, कमजोर र जोखिमपूर्ण टिनको छानाका कारण उनले प्रत्येक वर्ष कठोर कष्ट सहनुपरेको थियो। तर यसपटक उनको जीवनमा सुखद परिवर्तन आएको छ। सत्य युवा सेवा समितिको सहृदय, द्रुत र प्रभावकारी पहलमा उनको पुरानो टिन फेरेर सुदृढ, सुरक्षित र व्यवस्थित नयाँ संरचना निर्माण गरिएको छ, जसले उनलाई सुरक्षित, सम्मानजनक र सहज आवासको अनुभूति दिलाएको छ। शनिबार आयोजित भावनात्मक तथा गरिमामय कार्यक्रममा समितिले उक्त नवनिर्मित घर सम्बन्धित परिवारलाई औपचारिक रूपमा हस्तान्तरण गरेको हो।

कार्यक्रममा संस्थाका अध्यक्ष हितमान गुरुङ तथा कार्यक्रम संयोजक रोशन गुरुङसहित समर्पित कार्यसमिति सदस्यहरूको सक्रिय, उत्साहजनक र सराहनीय उपस्थिति रहेको थियो। कार्यक्रम संयोजक रोशन गुरुङका अनुसार टिन फेरेर घर निर्माण गर्न करिब एक लाख २० हजार रुपैयाँ खर्च भएको पोखरापत्रलाइ जानकारी गराए। जुन स्थानीयवासी तथा उदार मनकारी व्यक्तिहरूको महत्वपूर्ण आर्थिक तथा भौतिक सहयोगबाट गरिएको हो। अध्यक्ष हितमान गुरुङले सामूहिक प्रयासको शक्ति र सामाजिक एकताको महत्व उजागर गर्दै भने, "हामी सबै मिलेर एउटा ठूलो र अर्थपूर्ण काम गर्न सफल भएका छौं। यस अभियानलाई सफल बनाउन विभिन्न सामाजिक तथा सहयोगी महानुभावहरूको योगदान अत्यन्तै प्रेरणादायी र अतुलनीय छ। उहाँहरूकै निरन्तर साथ, सहयोग र सद्भावका कारण आज एउटा विपन्न परिवारले सुरक्षित आवास पाएको छ।"

नयाँ घर प्राप्त गरेपछि भावुक बनेकी वृद्धा लाटी महिला संस्था तथा सहयोगी सबैप्रति हार्दिक कृतज्ञता व्यक्त गरिन्। वर्षौंदेखिको पीडादायी समस्याबाट मुक्त हुँदा आफू अत्यन्त हर्षित, सन्तुष्ट र सुरक्षित महसुस गरेको उनले भावुक स्वरमा सुनाइन्।

सत्य युवा सेवा समितिको यो अनुकरणीय, प्रेरणादायी र मानवीय कार्यले समाजमा सानो प्रयासले पनि ठूलो र सकारात्मक परिवर्तन ल्याउन सकिने सशक्त सन्देश प्रवाह गरेको छ। विपन्न समुदायको जीवनस्तर उकास्न युवा शक्तिको सक्रियता, समर्पण र सहकार्य कति महत्वपूर्ण हुन्छ भन्ने ज्वलन्त उदाहरणका रूपमा यस अभियानलाई लिन सकिने समितिका सचिव महेश आचार्यले पोखरापत्रलाई वताए।

# तमु कल्याणकारी कोषमा ३५ लाख जम्मा

**पोखरापत्र संवाददाता**
पोखरा, १६ जेठ



धनबहादुर गुरुङ सांगीतिक साँझमा सवैभन्दा बढी रकम संकलन गर्ने गौरी गुरुङलाई नगद सहित सम्मान गरिएको छ।

ु(गुरुङ) कलाकार संघ गण्डकी प्रदेश समितिको आयोजनामा गत चैत्र ८ गते पोखरा रंगशालामा सम्पन्न धनबहादुर गुरुङ सांगीतिक साँझमा तमु(गुरुङ) कलाकार संघ गण्डकी प्रदेश समितिका विदेश विभाग प्रमुख गौरी गुरुङले ११ लाख २० हजार ९ सय ६० रुपैयाँ संकलन गरेकी थिइन। उनलाई सर्वोत्कृष्ट रकम संकलन गरेबापत संस्थाले नगद २२ हजार २ सय २२ रुपैयाँको थैली सहित कदर पत्रले सम्मान गरेको हो। सम्मानित गुरुङले उक्त रकममा थप २८ हजार थप गरेर ५० हजार २ सय २२ रुपैयाँ कल्याणकारी कोषलाई प्रदान गरेकी छिन। तमु कलाकारहरुको हकहित, सहयोग तथा कल्याणका लागि स्थापना गरिएको कल्याणकारी कोषमा सहयोग गर्न पाउदा आफुलाई गर्व लागेको गुरुङले बताइन।

कुल ५६ लाख २४ हजार ४ सय ५८ रुपैयाँ संकलन भएको थियोभने बिभिन्न खर्च कटाएर ३५ लाख २४ हजार ५ सय ८९ रुपैयाँ बचत भएको थियो। उक्त बचत रकम तमु कलाकारहरुको हकहित र कल्याणका लागि स्थापना गरिएको तमु कलाकार कल्याणकारी कोषमा जम्मा गरिएको संघका अध्यक्ष विक्रम गुरुङले जानकारी दिए।

सो अवसरमा कार्यक्रम सफल बनाउन सहयोग गर्ने कलाकार, विभिन्न संघसंस्था, समाजसेवी, स्वास्थ्यकर्मी, टिकट बिक्री वितरणमा सहयोग गर्ने व्यक्ति तथा सम्पूर्ण सहयोगीदातालाई सम्मान तथा बधाई ज्ञापन गरिएको थियो।

# राष्ट्रपति रनिङ शिल्ड: कास्कीका सुदीप र एन्जललाई स्वर्ण

**पोखरापत्र संवाददाता**
पोखरा, १६ जेठ

गण्डकी प्रदेशस्तरीय १६ औं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताअन्तर्गत एथलेटिक्सतर्फ एक सय मिटर दौडमा कास्कीका सुदीप भण्डारी र एन्जल अधिकारीले स्वर्ण पदक जितेका छन्।

छात्रतर्फ सुदीपले ११ दशमलव नौ सेकेन्डको समय निकाल्दै स्वर्ण पदक जित्दा, कास्कीका प्रज्वल खड्काले ११ दशमलव २५ सेकेन्ड समयका साथ रजत पदक जिते। स्याङ्जाका रोहित सिंह कास्य जिते।

छात्रातर्फ अधिकारीले १४ दशमलव चार सेकेण्डमा निर्धारित दूरी पार गरेकी थिइन्। यस विधामा नवलपुरकी आरती विकले १४ दशमलव २७ सेकेण्ड लगाएर रजत र कास्कीकी शिक्षा खड्गीले १४ दशमलव ७२ सेकेण्ड समय लगाउँदै कास्य पदक जितेकी छन्। पोखरा रङ्गशालामा आज एथलेटिक्सतर्फका विभिन्न विधा सञ्चालन गरिएको थियो। राष्ट्रपति रनिङ शिल्ड बाग्लुङमा सञ्चालन भइरहे पनि खराब मौसमका कारण एथलेटिक्स खेल भने पोखरा रङ्गशालामा सारिएको गण्डकी एथलेटिक्स सङ्घका महासचिव मनबहादुर थापाले बताउनुभयो।

"रनिङ शिल्डका सबै खेल बागलुङमा हुने योजनाअनुसार खेलाडी सबै पुगिसकेका थिए, तर वर्षाका कारण बागलुङको बाङ्गेचौर खेल मैदानमा खेलाउने अवस्था रहेन। त्यसपछि पोखरा फिर्ता भएर यहाँ खेलाइएको हो", उहाँले भन्नुभयो। एथलेटिक्सतर्फ नवलपुर चार स्वर्ण र चार रजत पदकसहित शीर्ष स्थानमा छ। यसैगरी गोरखाले चार स्वर्ण र दुई कास्य, कास्कीले दुई स्वर्ण चार रजत र तीन कास्य पदक जित्न सफल भयो। यसैगरी तनहुँले दुई स्वर्ण र एक कास्य, लमजुङले तीन रजत र तीन कास्य तथा बागलुङले दुई कास्य जितेको छ। प्रतियोगितामा गण्डकी प्रदेशका ११ जिल्लाका खेलाडीहरूको सहभागिता रहेको छ। प्रतियोगिताबाट एथलेटिक्सतर्फ सबै इभेन्टमा १६औं संस्करणको केन्द्रीय राष्ट्रपति रनिङ शिल्डका लागि खेलाडी छनोट गरिने सङ्घका महासचिव थापाले जानकारी दिनुभयो।

# पिसिएम कप प्लस टु फुटसलको उपाधी तालपारीलाई

**पोखरापत्र संवाददाता**
पोखरा, १६ जेठ




पोखरा कलेज अफ म्यानेज्मेण्टको आयोजनामा पोखरामा सम्पन्न प्रथम पिसिएम कप प्लस टु फुटसल टुर्नामेण्टको उपाधी तालपारी टिमले जितेको छ।

बि-फिट फुटसलमा शनिबार भएको फाइनल खेलमा टिम ९११ लाई ६-३ गोल अन्तरले पराजित गर्दै तालपारीले सो उपाधी जितेको हो। तालपारीको जितमा सुजन थापा र सिद्धान्त श्रेष्ठले २-२ तथा सुन्दर मगर र कुञ्जन पौडेलले १-१ गोल गरे। टिम ९११ को तर्फबाट सुसान्त सेञ्चुरी, प्रसान्त गुरुङ र हर्षभ बोहराले १-१ गोल गरे।

जितसंगै तालपारीले नगद रु २० हजार सहित शिल्ड, मेडल प्रमाण-पत्र पुरस्कार पायो। द्वितिय स्थान हाँसिल गरेको टिम ९११ ले नगद १० हजार सहित शिल्ड, मेडल प्रमाण-पत्र पुरस्कार पायो।

विजयी खेलाडीहरुलाई समापन समारोहका प्रमुख अतिथि पिसिएम कलेज सञ्चालक समितिका सदस्य एवं बोर्ड डाइरेक्टर प्राञ्जल कायस्थ, कलेजका प्रिन्सिपल लिना नेगी श्रेष्ठ, बिबिए दिवा तथा बिबिए फाइनान्स संयोजक सरोज कुँवर, प्रतियोगिता संयोजक प्रतिक राई लगायतले पुरस्कृत गर्नुभयो।

युवा नेतृत्व विकास तथा विद्यार्थी मैत्री गतिविधी बढाउने उद्येश्यका साथ यो प्रतियोगिता आयोजना गर्न लागेको कलेजका प्राचार्य लिना नेगी श्रेष्ठले बताउनुभयो। उहाँले प्रतियोगिताका विजेता, उप-विजेता तथा सहभागी समुहहरुका लागि कलेजको तर्फबाट गोल्डेन र सिल्भर स्कलरशिपको घोषणा पनि गर्नुभयो।

'च्याम्पिन फर टुडे, लिडर्स फर टुमारो' भन्ने नाराका साथ सम्पन्न प्रतियोगिता पोखराका विभिन्न २३ कलेजका विद्यार्थीहरुको समुहले भाग लिएको थियो।

## मुक्तिनाथमा ...

१० हजार बढी पर्यटक राख्न सक्ने क्षमता छ। त्यसैले हाल बसोबासका लागि कुनै समस्या नदेखिएको प्रहरी निरीक्षक बस्यालको भनाइ छ। "हामीलाई बाँस पाइएन भन्ने गुनासो आएको छैन, दसैं-तिहारको बेला केही समस्या देखिन्छ, तर हाल पर्यटकको उपस्थिति उल्लेख्य रहे पनि होटल पाइएन भन्ने खबर आएको छैन", उहाँले भन्नुभयो। पछिल्लो समय राष्ट्रिय गौरवको बेनी-जोमसोम सडक सहज हुँदै जान थालेपछि धार्मिक पर्यटकको उपस्थिति बर्सेनि वृद्धि हुन थालेको हो।

# तनहुँमा बसको ठक्करबाट पैदलयात्रीको मृत्यु

**पोखरापत्र संवाददाता**
दमौली, १६ जेठ

तनहुँको म्याग्दे गाउँपालिका-१ गुणादीस्थित पृथ्वीराजमार्गमा पर्यटक बसको ठक्करबाट शनिबार एक वृद्धको मृत्यु भएको छ।

पोखराबाट काठमाडौंतर्फ जाँदै गरेको बा १ प ९२७ नम्बरको पर्यटक बसले बाटो क्रस गर्ने क्रममा पैदलयात्री ७८ वर्षीय सम्मरबहादुर रानाभाटलाई ठक्कर दिएको थियो। दुर्घटनामा गम्भीर घाइते भएका रानाभाटलाई उपचारका लागि प्रदेश अस्पताल दमौली लगिएकोमा चिकित्सकले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी निरीक्षक दीपककुमार कार्कीले जानकारी दिनुभयो।

## पोखरा ...

प्रसाद अधिकारीले सुकुम्वासी आन्दोलनमा ऐक्यबद्धता जनाएका थिए। कार्यक्रममा मिलन घलानको संयोजकत्वमा ९ सदस्यीए संघर्ष समिती र्निमाण गरिएको छ। समितिको सदस्यहरुमा बिकास सुनार, सक बहादुर गुरुङ्ग,भुपेन्द्र राना, हिरालाल श्रेष्ठ, देवी महतो, भक्त बहादुर थापा, राजु गुरुङ्ग, सबिना नेपाली रहेका छन। यसैगरि सहजिकरण समितिमामा अर्जुन मल्ल संयोजक चयन भएका छन। सदस्यहरुमा रुपेन्द्र दर्जी, हरि बहादुर गुरुङ्ग,राजु परियार, केश बहादुर थापा, शुशिल तिलिजा पुन, चन्द्रमा घर्ति, सन्जय कार्की, राम बहादुर थापा रहेका छन।

कार्यक्रममा बिकास बिरोधीको भिल्ला भिराएर सुकुम्वासी प्रति अमानविय हर्कत जारी राखे देशभर रहेका ५५ लाख सुकुम्वासी प्रतिकारमा उत्रने चेतावनी दिइएको थियो।

**सामाजिक र सांस्कृतिक सद्भाव कायम राखौं**

- सबै जात/जाति, भाषा/भाषी, धर्म र संस्कृतिको सम्मान गरौं,
- आपसी समझदारी, सहिष्णुता र भाईचारा बढाऔं,
- घृणा, विभेद र हिंसाजन्य व्यवहार त्यागौं,
- पर्व-उत्सवहरू मिलेर मनाऔं,
- अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं,
- संवाद र सहकार्यबाट विवाद समाधान गरौं,
- शान्तिपूर्ण र समावेशी समाज निर्माणमा योगदान दिऔं।

विविधतामा एकता भन्ने भावना विकास गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# माछापुच्छ्रे गाउँपालिकाद्वारा उत्कृष्ट छात्रा सम्मानित

**पोखरापत्र संवाददाता**
पोखरा, १६ जेठ




कास्कीको माछापुच्छ्रे गाउँपालिकाले माध्यमिक शिक्षा परीक्षा (एसइइ) २०८२ मा सामुदायिक विद्यालयतर्फबाट पहिलो पटक चार जिपिए ल्याउने छात्रालाई नगदसहित सम्मान गरेको छ।

गाउँपालिकाले शुक्रबार आयोजित कार्यक्रममा सार्दिखोलास्थित माछापुच्छ्रे माध्यमिक विद्यालयकी छात्रा शोभा गौतमलाई रु ५० हजार नगद र सम्मानपत्र प्रदान गरेको हो। गाउँपालिकाभित्रका सामुदायिक विद्यालयमध्ये पहिलो पटक चार जिपिए ल्याउने विद्यार्थीका रूपमा गौतमले यो सफलता हासिल गर्नुभएको हो। गाउँपालिकाका अध्यक्ष मीनबहादुर गुरुङ र प्रमुख प्रशासकीय अधिकृत केशव सुवेदीले उहाँलाई संयुक्त रूपमा सम्मान गर्नुभयो।

सम्मानपछि छात्रा गौतमले आफ्नो सफलतामा व्यक्तिगत मेहनत, शिक्षकहरूको मार्गदर्शन, परिवारको साथ तथा गाउँपालिकाको प्रोत्साहनको महत्वपूर्ण भूमिका रहेको बताउनुभयो। निरन्तर परिश्रम, अनुशासन र सकारात्मक वातावरणले सफलता सम्भव हुन्छ भन्ने अनुभव प्राप्त गरेको उहाँको भनाइ थियो। गाउँपालिकाका अध्यक्ष गुरुङले गाउँपालिकाबाट एसइइमा सर्वोत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई आगामी वर्षहरूमा पनि नगदसहित सम्मान गर्ने बताउनुभयो।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

विगतका कुराहरुले भविष्यको मार्गदर्शन गर्छ ।
– अज्ञात

## सम्पादकीय

# गरिबलाई सम्बोधन गर्न नसकेको बजेट

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले आर्थिक वर्ष २०८३/८४ को आयव्ययसहित २१ खर्ब २४ अर्ब ३४ करोड रुपैयाँ बराबरको बजेट सार्वजनिक गरेका छन । जसमा साढे ६ खर्बभन्दा बढी घाटाको बजेट सरकारले ल्याएको छ। जुन बजेटमा राजस्वबाट १४ खर्ब ५ अर्ब ३१ करोड, वैदेशिक अनुदानबाट ६१ अर्ब ७४ करोड व्यहोर्ने जनाइएको छ। जसले ६ खर्ब ५७ अर्ब स्रोत अभाव देखिएको छ। नपुग स्रोतमा वैदेशिक ऋणबाट २ खर्ब ४७ अर्ब २८ करोड, ४ खर्ब १० अर्ब आन्तरिक ऋणबाट उठाउने घोषणा गर्दा सरकारले इतिहासकै ठूलो आकारको बजेट ल्याएको छ । साधारण खर्चमा करिब ६० प्रतिशत, पुजीगत खर्च २० प्रतिशत र सावाँ व्याज भुक्तानीमा करिब २० प्रतिशत छुट्याउनुपर्ने अवस्थाले रुपान्तरण हुने विकास यो सरकारले गर्दैन भन्ने स्पष्ट भएको छ। अझ विजुली प्रयोग गरे बापत भ्याट दिनुपर्ने, शिक्षा कर र स्वास्थ्य कर लिने जनतामाथि खेलवाड हो।धेरै ऋण लिएर सिमित वर्गलाई सन्तुष्ट पार्न खोज्दा गरिब र काम गरेर खाने वर्गलाई वेल पाकेर हर्ष न विस्पात जस्तै हो ।

बजेटलाई मध्यम मवर्गलक्षित भबनाउन खोजिएको छार आयकर छुटको सीमा १० लाख पनि पुऱ्याइएको छ। सँगै अधिकतम दरलाई ३९ प्रतिशतबाट २९ मा झारेको घोषणा पनि अर्थमन्त्रीले सँगै गरेका छन् । 'करको बोझ घटाउन आयकर छुटको सीमा दोब्बर गरी व्यक्तिका लागि दश लाख रुँपैया पुऱ्याएको छु छ। मुलुक बृहत् आर्थिक सुधारको निर्णायक मोडमा उभिएको उनको भनाइ छ। राजनीतिक अस्थिरताको दुष्चक्र समाप्त भएको जिकिर गर्दै अधिकांश समष्टिगत आर्थिक परिसूचक सुधारोन्मुख भएको उनको भनाइ छ। 'सुदृढ विदेशी विनिमय सञ्चितिसहित वित्तीय प्रणालीमा पर्याप्त तरलता छ, स्वच्छ ऊर्जा उत्पादन र नयाँ प्रविधि यही लक्षित कार्यक्रमलाई कार्यान्वयन गर्न औद्योगिक २७३ कच्चा पदार्थको भन्सार महसुल दर घटाएको, एघार तहको भन्सार दरलाई सात तहमा सीमित गरेको दा छ। ३६० वस्तुमा लागिआएको अन्तःशुल्क खारेज भएको घोषणा पनि छ । सँगै भन्सार विन्दुमा संकलन हुने पूर्वाधार विकास कर, सडक मर्मत तथा सुधार दस्तुरजस्ता छरिएका करलाई एकीकृत गरी हरित करमा समाहित गर्ने घोषणासमेत सरकारले प्राथमिकतापूर्वक गरेको छ।

सूचीकृत कम्पनीका धितोपत्र बिक्री गर्दा लाग्दै आएको पुँजीगत लाभकर अन्तिम हुने व्यवस्था मिलाएको, डिजिटल भुक्तानीको माध्यमबाट उपभोक्ताले गर्ने खरिदमा बीजक जारी हुँदाकै समयमा मूल्य अभिवृद्धि करको दश प्रतिशत छुट पाउने व्यवस्था कार्यान्वयन गर्ने सरकारको घोषणा छ। मूल्य अभिवृद्धि कर फिर्ता गर्ने प्रणाली स्वचालित बनाउनेदेखि वस्तु वा सेवाको खरिद बिक्रीमा बीजक लिने दिने संस्कृति प्रोत्साहन गर्न लट्रीजस्ता आकर्षक कार्यक्रम सुरु गरिएको अर्थमन्त्री वाग्लेले घोषणा गरेका छन् । मूल्य अभिवृद्धि करमा बहुदरको सान्दर्भिकताबारे अध्ययन गरी सुझाव पेस गर्न उच्चस्तरीय सुझाव समिति गठन गर्ने सरकारको अर्को घोषणा छ । कानुनी अस्पष्टता र करदाताको अज्ञानताका कारण लामो समयदेखि सिर्जित कर विवादलाई निरूपण गरी व्यावसायिक वातावरण तयार गर्न कर छुट तथा सहुलियतसम्बन्धी विशेष योजना ल्याएको दाबी सरकारको छ। विचाराधीन रहेको कर विवाद समाधान गर्न निर्धारित कर रकममा १ प्रतिशत थप गरी तोकिएको म्यादभित्र बुझाएमा मुद्दा फिर्ता लिई शुल्क, जरिवाना, थप दस्तुर, विलम्ब शुल्क वा ब्याज मिनाहाजस्ता कार्यक्रम ल्याएर सरकारले आफूलाई मध्यमवर्ग लक्षित भएको देखाएको छ।

यीसँगै विद्यमान बोझिलो संगठन चुस्त बनाउन मन्त्रालय २२ बाट १८ कायम भएको देखि विभाग कार्यालयको दरबन्दी कटौतिसम्मको घोषणा अर्थमन्त्रीले गरे का छन ।३१ निकाय खारेजी, ६ वटा मर्जर, ६ निकाय हस्तान्तरण र १८ वटा निकाय पुनर्संरचना गर्नेसम्मको योजना बजेटमार्फत ल्याइएको छ । निजामती, जंगी, प्रहरी, शिक्षकको सेवा सुविधा सम्मानजनक रूपले निरन्तर वृद्धि गर्ने योजना पनि सरकारले अगाडि सारेको छ। यसैमा टेक्दै सरकारले कर्मचारीको तलब वृद्धि २१ प्रतिशत गरेको छ । सरकारले उत्साहसाथ मध्यमवर्ग लक्षित बजेट ल्याएको बताए पनि पूर्व अर्थमन्त्री, आर्थिक विज्ञहरूले बजेटलाई महत्त्वाकांक्षी बनेका भनेका छन् । राजस्व कम उठ्ने, ६ खर्बको घाटा बजेट र कार्यान्वयन फितलो हुने सधैंको रोग भएको उनीहरूको टिप्पणी छ । 'मध्यमवर्गलाई लक्षित गर्दै १० लाखसम्म आर्जन गर्दा एक प्रतिशत मात्रै तिर्नुपर्ने विषय ठीक भएपनि उच्च आयआर्जन गर्नेलाई ३९ प्रतिशतबाट २९ प्रतिशतमा झार्न जरुरी थिएन। सरकार एकातिर उत्साही हुँदा मध्यमवर्गलक्षित भन्दाभन्दै उच्चवर्ग अनुकूल हुनेतिर फड्को मारेको छ।'

स्रोतको अभावमा घाटाको 'बजेटमा स्रोत जुटाउन र खर्च गर्ने सधैँको समस्या छ । गतसाल पनि आकलन गरेको राजस्व उठेन । फेरि यसपटक १४ खर्बमाथि राजस्व उठाउने कुरा सम्भव हुन कठिन छ। यसपटक फेरि आन्तरिक र बाह्य ऋणलाई देखाउँदै बजेटको आकार बढाइएको छ। यी दुवैले पनि बजेटको आकारजतिको स्रोत सम्भव छैन। स्रोत नै सम्भव नभएपछि कार्यान्वयन गर्न सम्भव छैन। स्रोतको अभाव, बजेट खर्च कम हुने सधैँको समस्या सधैँझैँ फेरि कार्यान्वयनमै प्रश्न उठ्नेछ, जसले लक्ष्य हासिल गराउँदैन । बरु महँगी र मूल्यवृद्धि गराउँछ ।' २१ प्रतिशत तलब बढ्दाको महँगी र मूल्यवृद्धिको असर गरिब वर्गमा पर्नेछ । भुईं तहका नागरिकलाई उपेक्षा गरिएको र रोजगारी वृद्धिको कार्यक्रम नआएको बजेटले जनताको अवस्थामा सुधार ल्याउन सक्दैन । 'तल्लो वर्गका लागि लक्षित कार्यक्रम छैनन्,'।'मजदुर, किसान, बेरोजगार नवयुवा र सुकुम्बासीहरूका लागि कुनै सम्बोधन गरिएन,।रोजगारी सिर्जना गर्ने वा स्वरोजगार बनाउने कार्यक्रम नै छैनन् । रोजगारी दिने जिम्मेवारी सबै निजीक्षेत्रको हो भनेर पन्छिन खोजेजस्तो देखिन्छ ।' पढलेखेका प्राविधिक युवालाई लक्षित गरी बजेट आएको तर, गरिबीको रेखामुनि रहेका २० प्रतिशतभन्दा बढीलाई बजेटले समेटेको 'छैन। करमा छुट पढलेखेका प्राविधिक, आईटी क्षेत्रलाई प्राथमिकता दिँएको छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : झमेला बढ्ने |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : शुभ यात्रा |
| मिथुन | : शारीरिक झमेला | धनु | : स्वास्थ्यमा सुधार |
| कर्कट | : मानसिक तनाब | मकर | : आर्थिक समस्या |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : ब्यापारमा लाभ | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# शालिग्राम पथ विकास गरिने

पोखरापत्र संवाददाता
म्याग्दी, १६ जेठ

सरकारले मुक्तिनाथ क्षेत्रलाई केन्द्रित गरेर विभिन्न परियोजना र कार्यक्रम हरूलाई प्राथमिकता दिएको छ।

अर्थमन्त्री डा स्वर्णिम वाग्लेले आज सार्वजनिक गर्नुभएको आर्थिक वर्ष २०८३/८४ को बजेट व्यक्तब्यमा मुस्ताङमा रहेको हिन्दु तथा वौद्ध धर्मावलम्बी हरूको साझा तिर्थस्थल मुक्तिनाथ प्राथमिकतामा परेको हो ।

"कालिगण्डकी सभ्यताको उद्गम थलोलाई तिर्थाटन र स्वच्छ उद्यम, व्यवसाय केन्द्रित गण्डकी चतुर्भुज बनाउनेछौँ," बजेट बक्तब्यमा भनिएको छ, "त्रिवेणीधाम, देवघाट, रुरुक्षेत्र, कागबेनी, मुक्तिनाथ र दामोदरकुण्डलाई एकिकृत गर्दै शालिग्राम पथ विकास गर्नेछौं ।"

उच्च पहाडी र हिमाली क्षेत्रमा ध्यान साधना, योग, वौद्ध, वैद्धिक पर्यटन तथा मनाङ, मुस्ताङ र म्याग्दीको हिमाली सांस्कृतिक अनुभवलाई एकिकृत गरिने बजेट बक्तब्यमा उल्लेख छ । मुस्ताङको कोरलालगायत उत्तरी पर्याब्यापारिक नाकालाई मध्य पहाडी राजमार्गसँग जोड्ने लक्ष्य राखिएको अर्थमन्त्री डा वाग्लेले घोषणा गर्नुभएको छ।

मनाङ र मुस्ताङमा रहेका दुई सय वर्षभन्दा पुराना कम्तीमा २४ ऐतिहासिक वौद्ध गुम्बा हरूको संरक्षणका लागि विशेष परियोजना सञ्चालन गरिने अर्थमन्त्री डा वाग्लेले घोषणा गर्नुभयो । गण्डकी प्रदेशको लाईफ लाइन मानिएको चीन र भारत जोड्ने कालिगण्डकी कोरिडोरको थप २१ किलोमिटर सडक कालोपत्र गरिने र म्याग्दीमा नेपाल विद्युत् प्राधिकरण मार्फत निर्माणाधिन ४० मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजनालाई यसै वर्षभित्र सञ्चालनमा ल्याउने सरकारले घोषणा गरेको छ।

# नागरिकको सर्वोच्चता कांग्रेसको पहिलो प्राथमिकता हो : सभापति थापा

रासस
काठमाडौं, १६ जेठ

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले नागरिक सर्वोच्चता आफू नेतृत्वको पार्टीको पहिलो प्राथमिकता भएकाले जनताका पक्षमा निरन्तर वकालत गर्ने बताउनुभएको छ।

कांग्रेसको केन्द्रीय कार्यालय सानेपामा शनिबार आयोजित पार्टीको भातृ संस्था नेपाल थारु सङ्घको प्रथम महाधिवेशनमा उहाँले राष्ट्रको एकीकरण र राष्ट्रिय एकता कायम गर्ने सन्दर्भमा थारु समुदायको ठूलो योगदान महत्त्वपूर्ण भएको बताउनुभयो । थारु समुदायका नागरिकका लागि राज्यका निकायमा सहज पहुँच पुऱ्याउन आफू लागिपर्ने उहाँको भनाइ छ।

"बिपी कोइरालाले थारु समुदायप्रतिको विश्वास र भरोसा गर्दै जिम्मेवारीमा प्रतिनिधित्व गराउनुभएको थियो । थारु सङ्घ पार्टीको भातृ संस्था हो, पार्टीको अभिन्न अङ्ग हो, सङ्घको यो अधिवेशनबाट निर्वाचित हुने नेतृत्वले पार्टीको नयाँ क्रियाशील सदस्यता अभिवृद्धिका लागि जोड दिनुपर्छ, थारु सङ्घको अबको नेतृत्वले संविधान संशोधनमा समेटिनुपर्छ", सभापति थापाले भन्नुभयो।

कांग्रेसले नेपालको अर्थतन्त्रमा सुधार गर्नुपर्छ भनेर वकालत गरेको उल्लेख गर्दै उहाँले बजेटमा धेरै सुधारका कुराहरू समेटिएको भए पनि न्यून आय भएको समाजका वर्गप्रति बजेट मौन रहेको धारणा राख्नुभयो।

पार्टीका महामन्त्री प्रदीप पौडेलले थारु समुदायले नेपालको सीमा रक्षा र आर्थिक विकासमा ठूलो योगदान गरेको स्मरण गर्दै संविधानमा प्राप्त भएको अधिकारलाई रक्षा गर्दै थारु समुदायलाई मूलधारमा स्थापित गर्न मिलेर जानुपर्ने आवश्यकता रहेको बताउनुभयो । पार्टीका अर्का महामन्त्री गुरुराज घिमिरेले थारु जाति नेपालको मूलवासी भएको भन्दै थारु जातिको उत्थान राजनीतिक अधिकार स्थापित गराउनका लागि सबै एकताबद्ध लाग्नुपर्नेमा जोड दिँदै सबै पार्टी र जातजातिलाई एकताको सुत्रमा बाँध्ने भनेको कांग्रेस भएको दाबी गर्नुभयो।

पार्टीका कोषाध्यक्ष उमेश श्रेष्ठले व्यक्तिवादी चिन्तनबाट अगाडि बढेर नेपालमा रहेका सम्भावनालाई पहिचान गर्दै समृद्धि, समुन्नति र राजनीतिक उपलब्धि हासिल गर्न लाग्नुपर्नेमा जोड दिनुभयो। कांग्रेसक सहमहामन्त्री योगेन्द्र चौधरीले नेपाल विविधता बोकेका नागरिकको देश भएको धारणा बताउँदै थारु समुदायको हकहितका साथै हरेक नेपालीलाई राजनीतिक, आर्थिक र सामाजिक अधिकारमा स्थापित गर्न ध्यान दिनुपर्नेमा जोड दिनुभयो।

प्रतिनिधिसभामा कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्दम्बेले हिमाल, पहाड र तराईका हरेक मानिसहरूको अपेक्षा र चासोलाई सम्बोधन गर्दै पहिचानको मुद्दा राज्यको हरेक तहमा स्थापित गर्न कांग्रेसले ध्यान दिनुपर्नेमा जोड दिनुभयो । केन्द्रीय सदस्य गोपाल दहिदले राष्ट्रिय जनसङ्ख्याअनुसार देशभर ७ प्रतिशत जनसङ्ख्या रहे पनि कांग्रेसभित्र तीन प्रतिशत मात्रै क्रियाशील सदस्य रहेको जानकारी गराउँदै थारु सङ्घले थारुहरूमाथिको आर्थिक, सामाजिक, राजनीतिक र शैक्षिक विभेद विरुद्ध आवाज उठाउँदै आएको बताउनुभयो।

केन्द्रीय सदस्य जीवन रानाले भाषिक, सांस्कृतिक रूपमा सुन्दर इतिहास र पहिचान रहेको थारु समुदायको आर्थिक सामाजिक न्याय, राजनीतिक परिवर्तनका लागि खेलेको भूमिका महत्त्वपूर्ण भएको बताउनुभयो । पूर्वमन्त्री तेजुलाल चौधरीले संविधान घोषणा भएको ११ वर्ष पूरा हुँदा पार्टीले पर्याप्त रूपमा थारुलाई सरकारी सेवा, प्रदेश सरकारमा मन्त्रिपरिषद्मा, राजनीतिक नेतृत्वमा समेट्न नसकेको धारणा राख्नुभयो।

# गुप्तेश्वर क्याम्पसमा दुईदिने कार्यशाला गोष्ठी सुरु

पोखरापत्र संवाददाता
पोखरा, १६ जेठ



पोखरास्थित गुप्तेश्वर महादेव बहुमुखी क्याम्पसमा व्यवस्थापन संकायअन्तर्गत एमबीएस तहमा अध्ययनरत विद्यार्थीहरूको अनुसन्धान क्षमता अभिवृद्धि गर्ने उद्देश्यले अनुसन्धान प्रस्तावना लेखनसम्बन्धी दुईदिने कार्यशाला गोष्ठी सुरु भएको छ।

एमबीएस चौथो सेमेस्टर (भर्ना वर्ष २०२४) का विद्यार्थीहरूलाई लक्षित गरी आयोजना गरिएको उक्त कार्यशाला जेठ १७ गतेसम्म सञ्चालन हुनेछ । क्याम्पसको अनुसन्धान व्यवस्थापन समितिको आयोजनामा सुरु भएको उक्त कार्यक्रमको उद्घाटन क्याम्पस प्रमुख धर्मराज बरालको प्रमुख आतिथ्यता तथा अनुसन्धान व्यवस्थापन समितिका संयोजक मोहन भण्डारी को संयोजकत्वमा सम्पन्न भएको थियो।

उद्घाटन सत्रलाई सम्बोधन गर्दै क्याम्पस प्रमुख बरालले उच्च शिक्षामा अनुसन्धानको महत्व दिनप्रतिदिन बढ्दै गएको उल्लेख गर्दै विद्यार्थीहरूमा अनुसन्धान संस्कृतिको विकास गर्न यस्ता कार्यक्रम अत्यन्त आवश्यक रहेको बताउनुभयो । उहाँले विश्वविद्यालयीय शिक्षाको प्रमुख उद्देश्य केवल पाठ्यक्रम पूरा गर्नु मात्र नभई अनुसन्धान, विश्लेषण र नवीन ज्ञान सिर्जनातर्फ विद्यार्थीलाई प्रेरित गर्नु रहेको धारणा व्यक्त गर्नुभयो। क्याम्पसले विद्यार्थीहरूको अनुसन्धानमूलक गतिविधिलाई प्रोत्साहन गर्न नियमित रूपमा विभिन्न शैक्षिक तथा प्राज्ञिक कार्यक्रम सञ्चालन गर्दै आएको जानकारी दिँदै उहाँले यस कार्यशालाले विद्यार्थीहरूलाई अनुसन्धान प्रस्तावना तयार गर्ने, अनुसन्धान समस्या पहिचान गर्ने तथा वैज्ञानिक ढंगले अध्ययन सञ्चालन गर्ने सीप विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै संयोजक भण्डारीले अनुसन्धान प्रस्तावना लेखन अनुसन्धान प्रक्रियाको पहिलो र महत्वपूर्ण चरण भएको उल्लेख गर्नुभयो।

उहाँले गुणस्तरीय अनुसन्धानका लागि समस्या छनोट, उद्देश्य निर्धारण, साहित्य समीक्षा, परिकल्पना निर्माण, अनुसन्धान विधि तथा तथ्याङ्क विश्लेषणसम्बन्धी ज्ञान अपरिहार्य हुने बताउनुभयो । कार्यशालामार्फत विद्यार्थीहरूले अनुसन्धान प्रस्तावनाको संरचना, लेखन शैली, उद्धरण तथा सन्दर्भ व्यवस्थापन, अनुसन्धान नैतिकता र तथ्याङ्कीय विश्लेषणका आधारभूत पक्षहरूबारे व्यावहारिक ज्ञान प्राप्त गर्ने जानकारी दिनुभयो । उहाँका अनुसार कार्यशालामा सहभागी विद्यार्थीहरूले दुई दिनको अवधिमा समूह तथा व्यक्तिगत रूपमा नमुना अनुसन्धान प्रस्ताव तयार गरी समापन सत्रअघि प्रस्तुति गर्नुपर्ने व्यवस्था रहेको जानकारी गराउनुभयो । यस प्रक्रियाले विद्यार्थीहरूलाई सिकेका विषयवस्तु व्यवहारमा उतार्ने अवसर प्रदान गर्ने विश्वास व्यक्त गर्दै उहाँले भविष्यमा उत्कृष्ट लेखहरुलाई अनुसन्धानात्मक लेखमार्फत जर्नल प्रकाशनतर्फ समेत उन्मुख गरिने बताउनुभयो।

कार्यशालामा अनुसन्धानसम्बन्धी विभिन्न विषयमा क्याम्पसका अनुभवी प्राध्यापकहरूले सहजीकरण गरिरहनुभएको छ । सहजकर्ताका रूपमा क्याम्पस प्रमुख धर्मराज बराल, अनुसन्धान व्यवस्थापन समिति संयोजक मोहन भण्डारी, एमबीएस कार्यक्रम संयोजक राजकुमार सुवेदी, उपप्राध्यापक सुरेन्द्र कार्की, र उप्राध्यापक सन्तोष भण्डारी रहनुभएको छ। क्याम्पसले विद्यार्थीहरूमा अनुसन्धान संस्कृति विकास गर्ने, गुणस्तरीय शोधकार्यतर्फ अभिप्रेरित गर्ने तथा विश्वविद्यालयीय शिक्षालाई अनुसन्धानमुखी बनाउने उद्देश्यले कार्यशाला, तालिम तथा अन्तरक्रियात्मक कार्यक्रमहरूलाई निरन्तरता दिइरहेको छ। एमबीएस चौथो सेमेस्टरमा अध्ययनरत २० जना विद्यार्थीहरूको सक्रिय सहभागिता रहेको उक्त कार्यक्रममा स्वागत मन्तव्य राख्दै एमबीएस कार्यक्रम संयोजक राजकुमार सुवेदीले वर्तमान समय ज्ञानमा आधारित समाज निर्माणको युग भएको उल्लेख गर्दै अनुसन्धानले शैक्षिक गुणस्तर वृद्धि मात्र नभई नीति निर्माण, संस्थागत विकास तथा सामाजिक रूपान्तरणमा समेत महत्वपूर्ण योगदान पुऱ्याउने बताउनुभयो । क्याम्पसको सभाहलमा सञ्चालीत उक्त कार्यक्रमको सञ्चालन ञउयिथभलत बलम एबिअझभलत ऋर्भी का संयोजक सन्तोष भण्डारीले गर्नुभएको थियो।


# कर्जा बुझाउने बारे ७ दिने सूचना

प्रकाशित मिति २०८३/०२/१७ गते (पोखरापत्र राष्ट्रिय दैनिक)

यस मोदी बचत तथा ऋण सहकारी संस्था लिमिटेडबाट तपशिलमा उल्लेखित सदस्यले अचल सम्पत्ति धितो सुरक्षण राखी ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा, व्याज एवम् हर्जाना व्याज समयभित्र नतिरी, नबुझाई संस्थासँग गर्नुभएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक, लिखित तथा पत्रिका मार्फत सार्वजनिक सूचना प्रकाशित गरि जानकारी गराउँदा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरी आफुले बुझाउनुपर्ने रकम बुझाउन कुनै पहल गरेको नपाईएको हुँदा यो सूचना प्रकाशित गरीएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दै-दस्तुर रकम बुझाउनु होला । अन्यथा तपाई ऋणी तथा जमानत बस्ने सदस्यहरुले यस संस्थालाई ऋण सुरक्षण बापत लेखी लेखाई दिएको श्रीसम्पत्ति सहकारी ऐन, नियमावली, संस्थाको विनियम तथा संस्थाको ऋण नीति बमोजिम लिलाम बिक्रीको सूचना प्रकाशित गरी लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गर्ने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ।

**तपसिल**

| क्र.सं. | ऋणीको फोटो | ऋणी सदस्यको विवरण | धन जवानी |
|---|---|---|---|
| १. |  | **नाम थरः थम बहादुर कामी**<br>ना. प्र. प. नं.: १५७, कास्की<br>साविकः दाङसिङ-३, कास्की<br>हाल ठेगानाः अन्नपूर्ण -५, कास्की<br>सदस्यता नं.: ०२६४ | १. पिमला वि.क.<br>ना.प्र.प.नं. ४६-०१-७३-०३००६<br>साविकः दाङसिङ-३, कास्की<br>हाल ठेगानाः अन्नपूर्ण-५, कास्की<br>२. मिना कुमारी कामी<br>ना.प्र.प.नं. १४७३६२<br>साविकः दाङसिङ-३, कास्की<br>हाल ठेगानाः अन्नपूर्ण-५, कास्की<br>३. कमला जैसी<br>ना.प्र.नं. ४६३०४४/१०७<br>साविकः दाङसिङ-५, कास्की<br>हाल ठेगानाः अन्नपूर्ण-५, कास्की |
| | | **वितो विवरणः**<br>**थम बहादुर कामी**को नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेष्ता कायम रहेको सल्यान-९ नयाँपुल सीट नं. ६२३ क कित्ता नं. २०८० को क्षेत्रफल ०४-२-० को जग्गा। | |

**मोदी बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
अन्नपूर्ण-५, नयाँपुल, कास्की
फोन नं.: ०६१-५०२०५३

# वडाध्यक्ष कप फुटबलको उपाधिका लागि एल.पी. देवकोटा र बालोदय बोर्डिङ स्कुल भिड्ने

**पोखरापत्र संवाददाता**
पोखरा, १६ जेठ

पाँचौँ अन्तरविद्यालय वडाध्यक्ष कप फुटबल प्रतियोगिताको उपाधिका लागि एल.पी. देवकोटा मेमोरियल बोर्डिङ स्कुल र बालोदय बोर्डिङ स्कुलबीच प्रतिस्पर्धा हुने भएको छ। शनिबार सम्पन्न सेमिफाइनल खेलहरूबाट दुवै टोलीले जित हासिल गरी फाइनलमा प्रवेश गर्दै उपाधि नजिक पुगेका हुन्।

शनिबार भएको पहिलो सेमिफाइनल खेलमा एलपी देवकोटा मेमोरियल बोर्डिङ स्कुलले र ढुङ्गेसाँघु बोर्डिङ स्कुललाई सडेन डेथमा पराजित गर्दा दोश्रो खेलमा बालोदय बोर्डिङ स्कुलले स्पाइरल ग्यालेक्सी स्कुललाई २-० ले पराजित गरेको हो।

एलपी देवकोटा मेमोरियल बोर्डिङ स्कुल र ढुङ्गेसाँघु बोर्डिङ स्कुलबीचको खेल निर्धारित




समय ३०/३० मिनेटमा दुबै तर्फ गोलरहित बराबरीमा टुंगिएको थियो भने टाईब्रेकरमा दुबै तर्फ ४–४ गोल भए पछि खेल निर्णायकको अन्तिम विकल्प सडेन डेथमा पुगेको हो। पेनाल्टी सुटआउट पछि पहिलो सडेन डेथमा दुबै तर्फ एक/एक गोल भयो भने दोश्रो सडेन डेथमा ढुङ्गेसाँघु बोर्डिङ स्कुलका रुस्तम घोतामेले पेनाल्टीमा गोल गर्न चुकेसंगै बालोदयका सुविन सारु मगरले पेनाल्टी सुटमा गोल गरी फाइनलमा यात्रा पक्का गरेका हुन्। खेलमा उत्कृष्ट प्रदर्शन गरेका एलपी देवकोटाका गोलरक्षक बिराज घिमिरे म्यान अफ द म्याच घोषित भए।

यस्तै दोस्रो सेमिफाइनलमा बालोदय बोर्डिङ स्कुलले स्पाइरल ग्यालेक्सी स्कुललाई २-० गोल अन्तरले पराजित गर्दै उपाधि नजिक पुगेको हो। बालोदयको जितमा प्रभावशाली प्रदर्शन गरेका निसान भुजेल म्यान अफ द म्याच घोषित भए। खेलको १६ र २१ औं मिनेटमा भुजेलले गोल गरेको प्रतियोगिताका म्याच कमिस्नर गोपाल थापाले बताए। भुजेलले प्रतियोगितामा ८ गोल गरे। ड्यामसाइड क्लबको आयोजनामा सञ्चालन भइरहेको प्रतियोगितामा वडा नम्बर १७ भित्रका १९ सामुदायिक तथा निजी विद्यालयहरूको सहभागिता रहेको क्लवका अध्यक्ष रमेश प्रसाद बरालले बताए। प्रतियोगिताको विजेता टोलीले नगद ३० हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेताले २० हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने प्रतियोगिताका संयोजक विकास रानाभाटले बताए। पोखरा महानगरपालिका वडा नम्बर १७ को प्रवर्द्धनमा गण्डकी प्रदेश प्रहरी गण (ड्यामसाइड) को खेल मैदानमा यही जेठ १२ गतेदेखि प्रतियोगिता जारी रहेको छ। फुटवल खेलको तल्लोलेवल(ग्रासरुट) बाटै विकास गर्ने उद्धेश्यले उक्त प्रतियोगितालाई क्लवले निरन्तर रुपमा आयोजना गर्दै आएको क्लवका महासचिव राकेश श्रेष्ठले बताए।

# उत्तरगङ्गा जलविद्युत् आयोजना आगामी आवदेखि निर्माण गरिने

**पोखरापत्र संवाददाता**
बागलुङ, १६ जेठ

सरकारले बहुप्रतिक्षित बागलुङको उत्तरगङ्गा जलाशययुक्त परियोजनासहित पाँचवटा जलविद्युत् आयोजनालाई ठेक्कामा लैजाने भएको छ। आगामी आर्थिक वर्ष २०८३/८४ को लागि ल्याएको बजेट वक्तव्यमा सरकारले बागलुङको उत्तरगङ्गा जलाशययुक्त ८२८ मेगावाट परियोजना ठेक्कामा लैजाने उल्लेख गरेको हो।

सरकारले रु २१ खर्ब २४ अर्ब बजेट सार्वजनिक गर्दै ऊर्जा उत्पादन, प्रसारण र वितरण लाइन निर्माणका लागि रु ८५ अर्ब ५४ करोड रकम विनियोजन गरिएको अर्थमन्त्री स्वर्णिम वाग्लेले जानकारी दिनुभयो। उहाँले शुक्रबार सार्वजनिक गर्नुभएको बजेटमा मुलुकको सस्तो नमूना जलविद्युत् आयोजनाका रूपमा चर्चा कमाएको ८२८ मेगावाटको उत्तरगङ्गा जलाशययुक्त जलविद्युत् आयोजनासहित पाँच वटा ठूला जलविद्युत् आयोजनाको बजेट व्यवस्थापनसहित ठेक्कामा लैजाने बताउनुभयो।

सरकारले ८२८ मेगावाटको उत्तरगङ्गा जलाशययुक्त आयोजनासहित एक हजार ६१ मेगावाटको माथिल्लो अरुण, २१० मेगावाटको चैनपुरसेती, ९९ मेगावाटको तामाकोशी-५ र ७७ मेगावाटको घुन्साखोला आयोजनाको वित्तीय व्यवस्थापन गरी ठेक्का प्रक्रिया सुरु गर्ने जनाएको छ। ४१७ मेगावाटको नलगाड, ४९० मेगावाटको अरुण-४ र २८१ मेगावाटको नौमुरे आयोजनाको अध्ययन प्रक्रिया अगाडि बढाउने अर्थमन्त्रीले बताउनुभयो। कर्मचारी सञ्चय कोषका सञ्चयकर्ताको लगानीमा ४३९ मेगावाटको बेतन कर्णाली जलविद्युत् आयोजना निर्माणका लागि ठेक्का प्रक्रिया सुरु गर्ने अर्थमन्त्री वाग्लेले जानकारी दिनुभयो। उत्तरगङ्गा जलाशययुक्त जलविद्युत् आयोजनाको वातारणीय प्रभाव मूल्याङ्कन (इआइए) प्रतिवेदन स्वीकृत भइसकेको छ। करिब २२ वर्षअघिदेखि चर्चामा रहेको आयोजनाको इआइए प्रतिवेदन वन तथा वातावरण मन्त्रालयले २०८० सालमा स्वीकृत गरेको हो। बागलुङमा निर्माण अघि बढेको आयोजना विसं २०६१ देखि चर्चामा रहेको छ। यो आयोजना नेपाल विद्युत् प्राधिकरणको सहायक उत्तरगङ्गा हाइड्रोपावर कम्पनी लिमिटेडले अघि बढाउँदै आएको थियो। प्रतिमेगावाट लागतका दरले नेपालको सबभन्दा सस्तो उक्त जलाशय आयोजनाको इआइए स्वीकृत भएको आयोजना ठेक्कामा लाग्ने बागलुङ क्षेत्र नं २ बाट निर्वाचित सङ्घीय सांसद शोम शर्माले जानकारी दिनुभयो। उहाँले बागलुङको २ नं क्षेत्रमा रहेको आयोजनामारकमव्यवस्थापनसहित ठेक्कामा लैजाने गरी बजेट वक्तव्य आएको बताउनुभयो। निर्माण सुरु भएको १० वर्षभित्र विद्युत् उत्पादन थाल्ने लक्ष्य लिइएको आयोजनामा ढोरपाटन उपत्यकामा उत्तरगङ्गाको पानी जम्मा गरेर निसीखोलामा झारेर बाह्रैमहिना विद्युत् उत्पादन गर्न सकिने प्रतिवेदनमा उल्लेख गरिएको थियो। ढोरपाटनको उत्तरगङ्गा नदीमा २०० मिटर अग्लो बाँध बाँधेर जम्मा गरेको पानीलाई ढोरपाटनबाट निसीखोलामा झार्ने सम्भाव्यता अध्ययनमा उल्लेख गरिएको छ।

आयोजनामा आठ हजार ५१० मिटर लामो हेडरेस पाइप निर्माण हुनेछ भने एक हजार ८७५ मिटर लामो पेनस्टक पाइप निर्माण हुनेछ। आयोजनामा दुई वटा भूमिगत विद्युत्गृह निर्माण हुनेछन्। पहिलो विद्युत् गृहमा १०५ मेगावाट क्षमताका चार वटा युनिट रहने छन् भने दोस्रो विद्युत् गृहमा १०१ मेगावाट क्षमताका चार वटा युनिट निर्माण हुनेछन्।

# लेउवा संघमा लमजुङ उद्योग वाणिज्य संघको टोलीलाई स्वागत

**पोखरापत्र संवाददाता**
लेखनाथ, १६ जेठ

लेखनाथ उद्योग वाणिज्य संघले लमजुङ उद्योग वाणिज्य संघको भ्रमण टोलीलाई शुक्रबार एक कार्यक्रमका विच स्वागत गरेको छ।

संघमा शुक्रबार आयोजित कार्यक्रममा संघका पदाधिकारीहरु एवं सदस्यहरुको टोलीलाई स्वागत गर्दै अध्यक्ष जानुका पराजुली अधिकारीले संस्था व्यक्तिको हैन विधिको आधारमा सञ्चालन हुनुपर्नेमा जोड नेतृत्वको दासताको आधारमा संञ्चालन हुन नहुने सुझाव दिंदै सदैव व्यवसायिहरुको हितमा कार्य गर्न संघ सफल हुने विश्वास व्यक्त गरेकी थिईन। कार्यक्रममा लमजुङ उद्योग वाणिज्य संघका अध्यक्ष भरत कुमार श्रेष्ठले यो आफुहरुको पहिलो अध्ययन अवलोकन भ्रमण भएको वताउँदै यो भ्रमण पनि नेपालकै उत्कृष्ट वाणिज्य संघको रुपमा स्थापित भएको लेखनाथ उद्योग वाणिज्य संघमा गर्न पाएकोमा खुशी व्यक्त गरेका थिए। श्रेष्ठले महोत्सवको पनि महोत्सवको रुपमा परिचय बनाउन सफल भएको लेखनाथ महोत्सव देशकै नमुना




महोत्सव भएको र जिल्लाको आर्थिक चलायमान गराउन र पर्यटन क्षेत्रमा टेवा पुर्‍याउन सफल भएकोमा प्रशंसा व्यक्त गरेका थिए।

अध्यक्ष श्रेष्ठले लमजुङ उद्योग वाणिज्य संघका विषयमा जानकारी गराउँदै २०३२ सालमा स्थापना भई ३ हजार २ सय सम्म सदस्य रहेको संघमा हाल नविकरण भएका ७ सय ५० सदस्य मात्र रहेको वताए। व्यवसायीहरुका लागि अहिलेको विषम परिस्थीती र गिरेको मनोबलका कारण यस्तो अवस्था आएको उनको भनाई थियो। उनले १० वटा बजार एकाई रहेको संघमा १ ईकाई थप गर्ने योजना रहेको पनि वताएका थिए। भ्रमण टोलीमा रहेका मकवानपुर उद्योग वाणिज्य संघका पुर्व अध्यक्ष एवं एवं नेपाल उद्योग वाणिज्य संघका केन्द्रीय सदीय कृष्ण कटुवालले जिल्ला/नगर उद्योग वाणिज्य संघ, प्रदेश केन्द्र जुन ठाउँमा रहे पनि देशमा कति उद्योगधन्दा स्थापना भए, कति व्यवसाय फस्टाए, कति व्यवसायीहरु लाभान्वित भए भन्ने कुराले नै व्यवसायीक संघ संस्थाको सफलतालाई मापन गर्ने वताएका थिए। उनले सदस्य संख्या वृद्धि गर्नमा मात्रै ध्यान दिनुभन्दा पनि गुणस्तरीय सदस्यहरुको संख्या कायम राख्नमा ध्यान दिनुपर्ने वताउँदै महासंघमा पनि विभिन्न खालका वेथितिहरु रहेको वताउँदै त्यसका विरुद्ध सबै एकजुट हुनुपर्नेमा जोड दिएका थिए।

उक्त अवसरमा संघका अध्यक्ष जानुका पराजुली अधिकारीले नेपाल उद्योग वाणिज्य संघको हालै सम्पन्न ६० औं निर्वाचनबाट केन्द्रीय सदस्य पदमा निर्वाचित मकवानपुर उद्योग वाणिज्य संघका पुर्व अध्यक्ष कृष्ण कटुवाललाई बधाईपत्रका साथ वधाई ज्ञापन गरेकी थिईन।

यस्तै लमजुङ उद्योग वाणिज्य संघका अध्यक्ष भरत कुमार श्रेष्ठले नेपाल उद्योग वाणिज्य संघको कार्यकारिणी सदस्य पदमा निर्वाचित संघका पूर्व अध्यक्ष छत्रधर आत्रेय, केन्द्रीय सदस्य पदमा निर्वाचित मकवानपुर उद्योग वाणिज्य संघका पुर्व अध्यक्ष कृष्ण कटुवाललाई र गण्डकी प्रदेश उद्योग वाणिज्य संघको कोषाध्यक्षमा निर्वाचित संघका पूर्व बरिष्ठ उपाध्यक्ष राजेन्द्र ओझालाई बधाई तथा शुभकामना व्यक्त गरेका थिए। संघका अध्यक्ष जानुका पराजुली अधिकारीको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन महासचिव भरतराज ओझाले र धन्यवाद ज्ञापन वरिष्ठ उपाध्यक्ष गोपिचन्द्र बाँस्तोलाले गरेका थिए।

# पूर्वाधार र पर्यटन योजनामा सरकारको जोड

**पोखरापत्र संवाददाता**
दमौली, १६ जेठ

सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि तनहुँ जिल्लासँग सम्बन्धित विभिन्न पूर्वाधार, ऊर्जा तथा पर्यटन प्रवर्द्धनका योजनालाई प्राथमिकतामा राखेको छ।

सङ्घीय संसद्को संयुक्त बैठकमा शुक्रबार बजेट प्रस्तुत गर्नुहुँदै अर्थमन्त्री डा स्वर्णिम वाग्लेले सडक, विद्युत् प्रसारण, जलविद्युत् तथा पर्यटन क्षेत्रका महत्त्वपूर्ण योजनालाई अगाडि बढाइने घोषणा गर्नुभएको हो।

बजेट वक्तव्यअनुसार मुग्लिन-आँबुखैरेनी सडक निर्माण सुरु गरिने भएको छ। पृथ्वी राजमार्गअन्तर्गत पर्ने उक्त सडकखण्डलाई स्तरोन्नति गर्दै सुरक्षित, व्यवस्थित तथा सहज यातायात सञ्चालनका लागि निर्माण प्रक्रिया अघि बढाइने जनाइएको छ।

यस खण्डमा मर्स्याङ्दी नदी पारिपट्टि गोरखा जिल्लामा कुल ४.४५६ किलोमिटर नयाँ सडक निर्माण गर्न लागिएको छ। मुग्लिनदेखि आँबुखैरेनीसम्म हालको राजमार्गको समानान्तर मुग्लिन बजारको पारिपट्टि त्रिशूली किनार (गोरखातर्फ) मर्स्याङ्दी नदीको बायाँ किनार हुँदै मर्स्याङ्दी विद्युत्गृहको पारिपट्टिसम्म थप सडकको रेखाङ्कन गरिएको जनाइएको छ। त्यसैगरी, राष्ट्रिय महत्वको तनहुँ जलविद्युत् आयोजनाको निर्माणलाई तीव्रता दिइने अर्थमन्त्री वाग्लेले बताउनुभयो। एक सय ४० मेगावाट क्षमताको उक्त आयोजना सम्पन्न भएपछि देशको ऊर्जा उत्पादनमा महत्त्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ।

ऋषिङ गाउँपालिका-१ झापुटारमा निर्माणाधीन तनहुँ जलविद्युत् आयोजनाको तीनवटा प्याकेजमा काम भइरहेको छ। हालसम्म आयोजनामा ७५.५ प्रतिशत भौतिक प्रगति भएको छ। ऊर्जा पूर्वाधारअन्तर्गत न्यू दमौली प्रसारण लाइन निर्माणलाई समेत तीव्रता दिइने घोषणा गरिएको छ।

प्रसारण लाइन विस्तारले विद्युत् आपूर्ति प्रणालीलाई थप प्रभावकारी र भरपर्दो बनाउन सहयोग पुग्ने सरकारको विश्वास छ। पर्यटन प्रवर्द्धनलाई लक्षित गर्दै सरकारले परीक्षणका रूपमा व्यास-छाब्दीबाराही-बन्दीपुर-छिम्केश्वरी-लाब्दी-देवघाट मार्गमा साइकल ट्रेल निर्माण गर्ने योजना अघि सारेको छ। प्राकृतिक, धार्मिक तथा सांस्कृतिक महत्व बोकेको उक्त रुटलाई साहसिक तथा ग्रामीण पर्यटनसँग जोड्दै नयाँ पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने लक्ष्य लिइएको बताइएको छ।

घोषित साइकल ट्रेलले तनहुँका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय क्षेत्रलाई एउटै रुटमार्फत जोड्ने भएकाले आन्तरिक तथा बाह्य पर्यटक आकर्षित हुने अपेक्षा गरिएको छ। विशेषगरी बन्दीपुर, छिम्केश्वरी र देवघाटजस्ता चर्चित गन्तव्यलाई समेटिएको यस रुटले धार्मिक, सांस्कृतिक र प्राकृतिक पर्यटनलाई एकसाथ प्रवर्द्धन गर्ने विश्वास गरिएको छ।

स्थानीय पर्यटन व्यवसायी तथा सरोकारवालाले साइकल ट्रेल निर्माणले ग्रामीण पर्यटन, होटल व्यवसाय, स्थानीय उत्पादनको बजारीकरण तथा रोजगारी सृजनामा सकारात्मक प्रभाव पार्ने बताएका छन्। साथै पर्यावरणमैत्री पर्यटन प्रवर्द्धनमा समेत यस्तो अवधारणाले महत्त्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको बन्दीपुरका पर्यटन व्यवसायी वैशबहादुर गुरुङले बताउनुभयो।

# शिशुवामा युआरएलको शिविर, ६०१ को सित्तैमा जाँच

**पोखरापत्र संवाददाता**
पोखरा, १६ जेठ

युआरएल शिशुवा डायग्नोस्टिक सेन्टरको पाँचौ स्थापना दिवस एवं १९ औं गणतन्त्र दिवशको अवसरमा शुक्रबार शिशुवामा निशुल्क रक्त परीक्षणसहितको सचेतना कार्यक्रम भएको छ।

युआरएल फाउन्डेसनले युनाइटेड रेफरेन्स ल्याबोरेटरी प्रालि(युआरएल) मुख्य कार्यालय गिरी कम्प्लेक्सको प्राविधि सहयोगमा आयोजना गरेको कार्यक्रममा ६ सय १ जनाको सित्तैमा जाँच गरिएको छ। कार्यक्रममा मधुमेह तथा थाइराइडसम्बन्धी रगत जाँच सित्तैमा गरिएको थियो भने अरु सबै प्रकारका जाँचमा विशेष छुटको व्यवस्था गरिएको थियो। कार्यक्रममा वरिष्ठ फिजिसियन डा प्रकाश भट्टराईले मधुमेह, थाइराइड जस्ता रोगहरु लाग्नुका कारण र निदानका उपायहरुबारे प्रकाश पारेका थिए। पश्चिमाञ्चल क्षेत्रीय अस्पतालका वरिष्ठ बालरोग विशेषज्ञ डा प्रदीप भट्टराई र मणिपाल शिक्षण अस्पतालकी




वरिष्ठ स्त्री तथा प्रसूति रोग विशेषज्ञ डा विभा महतोले पनि सहभागीहरुलाई विविध रोगबारे प्रकाश पारे। शुक्रबार रगत जाँच गराएकाहरुलाई परामर्शसहित मंगलबार र बुधबार रिपोर्ट वितरण गरिने युआरएलका प्रबन्ध निर्देशक गणेशप्रसाद कोइरालाले जानकारी दिए। युआरएल अध्यक्ष ठाकुरप्रसाद पन्तले स्थापनादेखि नै सेवासँगै सामाजिक उत्तरदायित्व वहन युआरएलको मुख्य परिचय भएको बताए। उनले भने, "हामीले सेवा र सामाजिक दायित्वलाई सँगसँगै लगेका छौँ। राजधानी बाहिरको पहिलो रेफरेन्स ल्याब युआरएल गुणस्तरीय सेवा सबै गण्डकी प्रदेशबासीमा पुऱ्याउने लक्ष्यमा छ।" युआरएलले विभिन्न संघ, संस्थासँगको सहकार्यमा आयोजना गरेको यो २ सय २५ औं शिविर हो। पोखरा महानगरको स्वास्थ्य महाशाखासँग सहकार्य गरी पोखराका पाँच स्थानमा शिविर आयोजना गर्ने तयारी भएको युआरएलका सञ्चालक मणि न्यौपानेले बताए।

कार्यक्रममा शिशुवा अस्पतालका अध्यक्ष बाबुराम गिरी, लेखनाथ उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष लक्ष्मीप्रसाद त्रिपाठी लगायतले सहज र सुलभ स्वास्थ्य सेवा पाउने नागरिकको मौलिक हक कार्यान्वयन गर्न राज्यसँगै निजी क्षेत्रको यस खालका प्रयास जरुरी हुने विचार राखे। आइएसओ प्रमाणपत्र प्राप्त युआरएलले अहिले गण्डकी प्रदेशका विभिन्न जिल्लामा २४ स्थानबाट सेवा प्रवाह गरिरहेको छ।

# हराएको डेढ महिनाअघि जङ्गलमा शव भेटियो

**रासस**
म्याग्दी, १६ जेठ

डेढ महिनाअघि घरबाटै हराएको म्याग्दीको धवलागिरी गाउँपालिका-१ गुर्जाका ७६ वर्षीय पूर्ण छन्त्यालको शव करिब डेढ महिनापछि शनिबार भेटिएको छ।

वैशाख ३ गते गुर्जाबाट हराएका छन्त्यालको शव धवलागिरी गाउँपालिका-३ मुनाको पार्वती आमा समूह सामुदायिक वनमा भेटिएको जिल्ला प्रहरी कार्यालय म्याग्दीले जनाएको छ।

प्रहरी नायब उपरीक्षक राजन कार्कीले सडेको अवस्थामा भेटिएको छन्त्यालको शव कपडाको आधारमा घरपरिवारका सदस्यहरूले सनाखत गरेपछि उहाँहरूको जिम्मा लगाइएको जानकारी दिनुभयो।

धवलागिरी गाउँपालिकाका उपाध्यक्ष रेशम पुनमगरले शव भेटिएको जानकारी गराएपछि जिल्ला प्रहरी कार्यालय म्याग्दीबाट प्रहरी निरीक्षक सागर तिमिल्सिना र ताकम प्रहरी चौकीको टोली घटनास्थल पुगेर अनुसन्धान र शव उठाइ परिवारको जिम्मा लगाएको हो।

# बन्दीपुरको चुड्का नृत्य अन्तरराष्ट्रिय वृत्तचित्रमा समेटिँदै

**पोखरापत्र संवाददाता**
दमौली, १६ जेठ

नेपाल पर्यटन बोर्ड र बन्दीपुर गाउँपालिकाको समन्वयमा नेपाल पर्यटन प्रवर्द्धनसम्बन्धी वृत्तचित्र (डकुमेन्ट्री) निर्माण गर्ने क्रममा बन्दीपुरको मौलिक सांस्कृतिक पहिचान बोकेको चुड्का नृत्यलाई समेटिने निर्णया भएको छ।

डकुमेन्ट्रीको करिब एक मिनेट अवधिसम्म बन्दीपुरको परम्परागत चुड्का नृत्य प्रस्तुत गरिने जनाइएको हो। यसका लागि हाल बन्दीपुरमा छायाङ्कन कार्य सञ्चालन भइरहेको छ। विशेषगरी वृत्तचित्र छायाङ्कनका क्रममा भारतकी चर्चित नृत्याङ्गना तथा कोरियोग्राफर शक्ति मोक्तानसँग बन्दिपुरको चुड्का नृत्य समूहको सहकार्य भएको छ। स्थानीय कला र अन्तरराष्ट्रियस्तरका कलाकारबीचको यो सहकार्यलाई बन्दीपुरको पर्यटन प्रवर्द्धनका लागि महत्वपूर्ण अवसरका रूपमा हेरिएको गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाले बताउनुभयो।

बन्दीपुरको कला, संस्कृति र मौलिक परम्परालाई राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा थप परिचित गराउन सकारात्मक भूमिका खेल्ने उहाँले विश्वास व्यक्त गर्नुभयो। विशेषगरी सामाजिक सञ्जाल तथा डिजिटल प्लेटफर्ममार्फत विश्वभर दर्शकमाझ पुग्ने यस्ता सामग्रीले बन्दीपुरलाई सांस्कृतिक तथा ग्रामीण पर्यटनको आकर्षक गन्तव्यका रूपमा स्थापित गर्न सहयोग पुग्ने अपेक्षा गरिएको अध्यक्ष थापाको भनाइ छ।

नेपालमा पछिल्ला वर्षहरूमा ग्रामीण तथा सांस्कृतिक पर्यटन प्रवर्द्धनलाई प्राथमिकतामा राखेर विभिन्न अभियान सञ्चालन भइरहेका छन्।

सोही सन्दर्भमा बन्दीपुरलाई नेपालको मौलिक संस्कृति, परम्परा र प्राकृतिक सौन्दर्यको प्रतिनिधि गन्तव्यका रूपमा अघि सार्ने प्रयास भइरहेको जनाइएको छ।